# संवत् २०७७ साल चैत १ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | विषय |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७७ चैत १० देखि १३ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने दिगो विकाससम्बन्धी आठौं एसिया-प्रशान्त मञ्च विषयक भर्चुअल कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेल नेतृत्वको ६ सदस्यीय प्रतिनिधिमण्डल मनोनयन गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७८ वैशाख १४ देखि १६ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने संयुक्त राष्ट्र सङ्घ एशिया प्रशान्त आर्थिक सामाजिक परिषद् (UNESCAP) को ७७ औं सेशनमा नेपालको तर्फबाट भर्चुअल रूपमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेल नेतृत्वको ६ सदस्यीय प्रतिनिधिमण्डल मनोनयन गर्ने। |
| ३ | अर्थ मन्त्रालय | जापान सरकारले उपलब्ध गराउने जापानी येन ९९,६०,००,००० (करिव १ अर्ब ८ करोड रुपैयाँ) बरावरको नसर्ने रोगको निदान र उपचारमा प्रयोग हुने स्वास्थ्य उपकरण वस्तुगत अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | रक्षा मन्त्रालय | श्री सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरीमा सञ्चालन भइरहेको कमाण्ड तथा स्टाफ तालिमका शिक्षार्थी तथा शिक्षकहरूलाई मिति २०७७।११।२९ गतेदेखि मिति २०७७।१२।५ गतेसम्म बंगलादेशमा गराइने शैक्षिक अध्ययन भ्रमण कार्यक्रमको टोली प्रमुखको रुपमा नेतृत्व गर्न नेपाली सेनाका उपरथी श्री हिरालाल जोशीलाई मनोनयन गर्ने। |
| ५ | रक्षा मन्त्रालय | नेपाली सेनाका पाइलट महासेनानी राम सुन्दर बोहरालाई पाइलट सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन तथा पाइलट सहायक रथी आशिश नरसिंह राणाको सरुवा गर्ने। |
| ६ | वन तथा वातावरण मन्त्रालय | महाकाली लोकमार्ग, दार्चुला-टिंकर सडकको निर्माण तथा स्तरोन्नति गर्न कन्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्ला अन्तर्गत परेका विभिन्न सामुदायिक वनहरूको २५३.३६ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न अनुमति दिइ त्यहाँ रहेका १९०६६ रुखपोलहरू हटाउन समेत स्वीकृति दिने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, अधिकृतस्तर दशौं तहका श्री नवीन गिरीलाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प.प्रथम (प्रा.) श्रेणीको सह सचिव वा सो सरहको पदमा बढुवा नियुक्ति गरी वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने। |
| ८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी वस्तुहरूको उत्खनन्, सङ्कलन, बिक्री व्यवस्थापन एवम् सोसँग सम्वन्धित विषयहरूको नियमनसम्बन्धी कानूनको मस्यौदा तयार गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सैद्धान्तिक सहमति दिने। |

## संवत् २०७७ साल चैत्र ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|

| | | |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल न्याय सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईलाई नायव महान्यायाधिवक्ताको पदमा बढुवा नियुक्त गरी महान्यायाधिवक्ताको कार्यालयको नायव महान्यायाधिवक्ता पदमा पदस्थापन गर्ने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिकास्थित नेपाल ट्रष्टको ०-९-१५ विघा जग्गा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशलाई लिजमा दिन स्वीकृति दिने। |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको अध्यक्ष पदमा अमरगढी नगरपालिका-८ डडेलधुराका श्री विनोदकुमार जोशीलाई नियुक्ति गर्ने। |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल र बङ्गलादेशबीच हुने Designation of Rohanpur-Singhabad railway route as an additional transit route for movement of traffic-in-transit between Nepal and Bangladesh and also for third country transit-trade (Amendment to Nepal-Bangladesh Transit Agreement) LoE स्वीकृत गर्ने र उक्त LoE मा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री दिनेश भट्टराईलाई अख्तियारी प्रदान गर्ने। |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल र बङ्गलादेश बीच हुने Memorandum of Understanding on Strengthening Sanitary and Phytosanitary Cooperation मस्यौदा स्वीकृत गरी उक्त MoU मा नेपालको तर्फबाट हस्ताक्षर गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) श्री दिनेश भट्टराईलाई अख्तियारी प्रदान गर्ने। |
| ६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीका सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव श्री उदयराज सापकोटालाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव पदमा सरुवा गर्ने। |
| ७. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, कानुन समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव तोयानाथ अधिकारीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा नियुक्त गरी सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिव पदमा पदस्थापन गर्ने। |
| ८. | गृह मन्त्रालय | तत्कालीन पञ्चायती शासन व्यवस्था विरोधी आन्दोलनमा सहभागी भएको कारण सरकार पक्षबाट हत्या भएका झापा जिल्ला विर्तामोड न.पा.-९ का स्व. चन्द्र डाँगी र बुद्धशान्ति गा.पा.-१ का स्व. रामप्रसाद प्रधानलाई शहीद घोषणा गर्ने। |
| ९. | रक्षा मन्त्रालय | नेपाली सेनाका प्राविधिक महासेनानी डा. सरीता के.सी. लाई प्राविधिक सहायक रथीमा र प्राविधिक प्रमुख सेनानी डा. मुन थापालाई प्राविधिक महासेनानीमा बढुवा गरी पदस्थापन गर्ने। |
| १०. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल सरकार र बंगलादेश सरकारबीच हुने Memorandum of Understanding Between The Government of Nepal and The Government of The People's Republic of Bangladesh on Tourism Cooperation समझदारी पत्रमा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ११. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल सरकार र बंगलादेश सरकारबीच Cultural Exchange Programme Between The Government of Nepal and The Government of the People's Republic of Bangladesh for the Year 2022- 2025 मा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने । |
| १२. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल टेलिभिजनको महाप्रबन्धक पदमा श्री फूलमान बल (तामाङ) लाई नियुक्ति गर्ने। |

**संवत् २०७७ साल फागुन २० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू**

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १३. | १. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/११/१७ को निर्णयानुसार नेपाल सरकारको तर्फबाट नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूह) सँग वार्ता गर्न माननीय गृहमन्त्री रामबहादुर थापाको संयोजकत्वमा गठित वार्ता टोली र नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूह) को तर्फबाट उक्त पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) को संयोजकत्वमा गठित वार्ता टोलीबीच मिति २०७७/११/२० गते भएको तीन बुँदे सहमति मिति २०७७ फागुन २१ गते सार्वजनिक गर्ने गरी अनुमोदन गर्ने।<br>२. नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूह) ले शान्तिपूर्ण तवरबाट राजनीतिक मूलधारमा प्रवेश गर्ने प्रतिबद्धता गरेकाले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/११/२८ को निर्णयबाट उक्त समूहका सन्दर्भमा गरिएको घोषणा फिर्ता लिने र सो समूहको गतिविधिउपर लगाइएका सबै प्रतिवन्धहरू फुकुवा गर्ने। | |
| १४. | अर्थ मन्त्रालय | होटल उद्योगको रुपमा दर्ता भई सञ्चालनमा रहेका उद्योग मध्ये नियमित रुपमा नविकरण गरी कर विवरण पेश गरेका होटल तथा रेष्टुरेण्टलाई नेपाल सरकारले कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरण गर्न बन्दाबन्दी घोषणा गरेको मिति २०७६ चैत्र ९ गते देखि २०७७ भाद्र मसान्त सम्मको उद्योगले भुक्तानी गर्नु पर्ने विद्युतको डिमाण्ड शुल्कको शत प्रतिशत र २०७७ असोज १ गते देखि २०७७ माघ मसान्त सम्म ५०% ले छुट दिने। |
| १५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | चालु आर्थिक वर्ष २०७७/७८ को लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्वीण्टल रु.३१११।- तोक्ने। |
| १६. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | श्री राजन भट्टराईलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूहको रा.प.प्रथम श्रेणी (प्रा.) को सहसचिव वा सो सरहको पदमा बढुवा नियुक्ति गरी ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने। |
| १७. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | श्री शरणकुमार पाण्डेलाई नेपाल कृषि सेवा, लाइभस्टक, पोल्ट्रि एण्ड डेरि डेभलपमेण्ट समूहको राजपत्रांकित प्रथम श्रेणी (प्रा.) को सहसचिव वा सो सरहको पदमा बढुवा नियुक्ति गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने । |

| | | |
|---|---|---|
| १८. | खानेपानी मन्त्रालय | खानेपानी महशुल निर्धारण आयोगको अध्यक्ष एवं सदस्य सिफारिस समितिको सदस्य पदमा खलंगा-३, प्यूठानका सन्तोष कुमार श्रेष्ठलाई नियुक्ति गर्ने। |
| १९. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि सम्बन्धी समस्या समाधान आयोगको रिक्त सदस्य पदमा बाँके जिल्ला नरैनापुर गा.पा. वडा नं.२ का श्री बिक्रम यादवलाई मनोनयन गर्ने। |
| २०. | वन तथा वातावरण मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रनवे स्ट्रिपको पूर्वपट्टि रहेको पोखरा म.न.पा.-२६ स्थित रिठ्ठेपानी डाँडामा रहेका र हवाइ सुरक्षार्थ अवरोधजन्य/जोखिमजन्य अवस्थामा रहेका रुख तथा पोलहरु कटान गर्न स्वीकृति दिने। |